आज मिति २०७४ भाद्र २८ गतेका दिन व्यास नगरपालिका नगर कार्यपालिका प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णयहरु देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| - | नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - | नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - | वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - | वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - | वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - | वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - | वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - | वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - | वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - | वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - | वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - | वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - | वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - | कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | ,, |
| - | कार्यकारीणी सदस्य | श्री केशबहादुर सुनार | ,, |
| - | कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | ,, |
| - | कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - | कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - | कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - | कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - | कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - | सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |
| - | सहयोगी बरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | ,, |
| - | योजना शाखा प्रमुख | इ. श्री रविन्द्रलाल मुल | ,, |

निर्णय नं.१: यस व्यास नगरपालिकामा आ.व.२०७४।०७५ मा संचालन गरिने योजनाहरु सम्पन्न गर्नका लागि निम्न अनूसार प्राविधिकहरुलाई वडा जिम्मेवारी दिने निर्णय गरियो ।

i) ई. विरेन्द्र थापा वडा नं. १, ४ र ५

ii) ज़ु.ई. सुशिल खनाल वडा नं. ७, ८ र ९

iii) ज़ु.ई. मनोज कैनी वडा नं. १०, ११ र १२

iv) ज़ु.ई विनोद गौतम वडा नं.२ र ३

v) सव ओ.सी. हरिप्रसाद तिवारी वडा नं.१३ र १४

निर्णय नं.२: यस व्यास नगरपालिकाका लागि आवश्यक प्राविधिक जनशक्ति पदपुर्ति गर्ने सन्दर्भमा छनौट समितिको सिफारिसमा मासिक ज्यालादारीमा नियुक्ति दिइएका प्राविधिकहरुको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.३: यस व्यास नगरपालिकामा कार्यरत ज़ु.ई. श्रीकृष्ण बगालेको मृत्यु भई रिक्त रहेको जुनियर इन्जिनियर पदमा यस कार्यालयमा सव ओभरसियर पदमा कार्यरत प्रदिप पौडेललाई रिक्त जुनियर इन्जिनियर पदमा करारमा नियुक्ति दिने निर्णय गरियो ।

निर्णय नं.४: माथि निर्णय नं.३ अनुसार सव ओभरसियर प्रदिप पौडेललाई जुनियर इन्जिनियर पदमा करारमा नियुक्ति भएपश्चात् योजनाको कार्यबोझलाई मध्यनजर राखी रिक्त हुन आएको सव ओभरसियर पदमा सव ओभरसियर पदका वैकल्पिक १ नं. उम्मेदवार ज्ञानेश्वर मिश्रलाई मासिक ज्यालादारीमा नियुक्ति दिने निर्णय गरियो । निजलाई हाल व्यास ६ को कार्यक्षेत्र दिने निर्णय गरियो ।

निर्णय नं.५: यस व्यास नगरपालिका कार्यकारीणी समितिका सम्पूर्ण सदस्यहरुलाई बोर्ड बैठकमा भाग लिन आउँदाको प्रति बैठक यातायात तथा आवास खर्च वापत रु.१०००। (एक हजार) २०७४ साल श्रावण देखिनै लागू हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.६: यस व्यास नगरपालिका कार्यालयमा कार्यरत निम्न कर्मचारीहरु पदपूर्ति समितिको सिफारिस अनुसार स्वत: बढुवा हुनु भएकोले निजहरुलाई बढुवा नियुक्ति दिने निर्णय गरियो ।

| नाम थर | बढुवा भएको पद |
|---|---|
| i) उषा हड्खले | अ.न.मी. (पाँचौ तह) |
| ii) चेतबहादुर दरै | ना.सु. (पाँचौ तह) |
| iii) अर्जुनकुमार श्रेष्ठ | ना.सु. (पाँचौ तह) |
| iv) नवराज कंडेल | ना.सु. (पाँचौ तह) |

निर्णय नं.७: यस व्यास नगरपालिका वडा नं.५ को माहेन्द्री मार्ग मर्मत गर्दा लागेको रकम रु.२७,०००। (सत्ताइस हजार) सम्बन्धितलाई भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.८: हिन्दूहरुको महानचाड वडादशैं नजिकै आउदै गरको अवस्थामा वर्षातको समयमा बाढीपहिरो गई अवरुद्ध हुन गएका बाटोहरुलाई तत्काल यातायात व्यवस्था सहज बनाउन वडाअध्यक्ष र प्राविधिक कर्मचारी बीच समन्वय गरी बाटो मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.९: यस व्यास नगरपालिका वडा नं.७ को वडा कार्यालय छापथोकमा रहेको र जनघनत्व बढी कलेस्तीमा रहेकोले कलेस्ती बजारमा २ वटा कोठा भाडामा लिई सम्पर्क कार्यालय संचालन गरी दुवै स्थान (छापथोक र कलेस्ती) बाट सेवा प्रवाह गर्ने निर्णय गरियो ।

निर्णय नं.१०: यस व्यास नगरपालिकामा नयाँ बनेको समीक्षा हलमा प्रयोग गरिएका र नगर प्रमुखज्यूको कार्यकक्षमा प्रयोग गरिएका २ सेट सोफा समेतको फर्निचरको नेपो फर्निसिङ्ग इण्डस्ट्रिजलाई रु.३,८६,९९९।०१ ए वन इन्टरनेशनल, चित्रवनलाई रु.४,८०,९२८। र प्लानेट इन्टरनेशनल, भरतपर १५ लाई रु.४,८८,९५१। गरी कूल रकम रु.१३,५६,८७७। (तेह्र लाख छपन्न हजार आठ सय सतहत्तर मात्र) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.११: यस व्यास न.पा.को हाताभित्र निर्माण भएको समिक्षा हल निर्माण गर्दा भुक्तानी दिन बाँकी रकम रु.७,५८,७२९।४२ (सात लाख अन्ठाउन्न हजार सात सय उनान्तीस रुपैयाँ र पैसा बयालिस मात्र) सम्बन्धित निर्माण व्यवसायीलाई भूक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.१२: यस व्यास न.पा. कार्यालयको योजना शाखा डेकुरेशन निर्माण गर्दा लागेको लागत रकम रु.१,७५,७१०।०९ (एक लाख पचहत्तर हजार सात सय दश र पैसा नौ मात्र) सम्बन्धित निर्माण व्यवसायीलाई भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.१३: इन्जिनियर रविन्द्रलाल मुलको घर सापटी ऋण पाउँ भन्ने निवेदन माथि छलफल गर्दा अन्य कर्मचारीहरुको माग भए ती मागहरुलाई समेत सम्बोधन गर्ने र एक वर्षको तलबभन्दा बढी नहुने गरी घर सापटी ऋण प्रवाह गर्न कार्यकारी अधिकृतलाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.१४: व्यास नगरपालका १ करङकाठ स्थित सार्वजनिक जग्गा संरक्षण समिति अकला बगैंचा टोल विकास संस्था बसपार्कको निवेदन अनुसार माग भएको रु.२०,०००। (बीस हजार) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.१५: यस व्यसा न.पा. ७ कालिका मार्गको ग्यावियन तारजाली र पर्खाल निर्माण गर्ने कार्यका लागि इष्टिमेट अनुसारको रकम रु.३,१५,६४६।९१ (तीन लाख पन्ध्र हजार छ सय छयालिस रुपैयां एकान्नब्बे पैसा मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१६: यस व्यास न.पा. वडा नं.१३ वेलबास सिद्ध मिलन आमा समूहलाई कार्यक्रम संचालन गर्न रु.१५,०००। (पन्ध्र हजार) रकम सहयोग दिने निर्णय गरियो ।

<u>निर्णय नं.१७</u>: यस व्यास न.पा. वडा नं.१३ आसापानी बस्ने हरिकला तिमिल्सिनालाई चट्याङ परी उपचार गराउनका लागि रु.१५,०००। (पन्ध्र हजार) आर्थिक सहयोग दिने निर्णय गरियो ।

<u>निर्णय नं.१८</u>: वेद अनुयायी प्रतिष्ठान नेपालको निवेदन माग अनुसार टेवुल थान १, कुर्ची थान ३ र दराज (स्टिल) थान १ उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं.१९</u>: व्यास न.पा. कार्यालयमा प्लटिङ गर्न निवेदन दिएका निम्न व्यक्ति वा संस्थालाई इजाजत दिने निर्णय गरियो ।

i) श्री निरबहादुर राना र ताराराम श्रेष्ठले गरेको व्यास १२ घाँसीकुवा ।

ii) कालिमाता हाउजिङ्ग प्रा.लि.ले गरेको व्यास १२ छिर्कने ।

<u>निर्णय नं.२०</u>: निम्न मापदण्ड पुरा गरेको जग्गालाई मात्र प्लटिङ गर्न इजाजत दिने निर्णय गरियो ।

क) प्लटिङ गर्ने जग्गाको प्रकृति अनुसार धुर जग्गा बाहेक अरुमा खुल्ला क्षेत्र ठिक बीचमा छाड्नु पर्नेछ ।

ख) बाटोको क्षेत्रफल कूल क्षेत्रफलको १५ प्रतिशत छोडेको हुनुपर्नेछ र खुल्ला क्षेत्र कूल क्षेत्रफलको ५ प्रतिशत छोडेको हुनुपर्नेछ र उक्त बाटो ६ मिटर चौडाईको ग्राभेलिङ सहितको हूनूपर्नेछ ।

ग) उक्त छोडेको बाटो र खुल्ला क्षेत्र सार्वजनिक गर्नूपर्नेछ ।

घ) घडेरीको क्षेत्रफल ३ आनाभन्दा कम नहुने गरी बाँकी रहने शेष जग्गा कित्ताकाट गर्दा क्षेत्रफल ०-२-२-० भन्दा कम नहुने गरी घडेरीको मोहोडा कम्तीमा ५ मिटर हुनुपर्नेछ । तर अंशबण्डामा भने हेरफेर गर्न सकिनेछ ।

ङ) धान खेतमा लाने पानीको कुलो फिल्डमा भएको तर नापी नक्शामा नभएको खण्डमा पनि १ मिटरभन्दा कम नहुने गरी कुलोको भाग छोड्नुपर्नेछ ।

च) प्लटिङ गर्ने क्षेत्रको सिमाना नदी, डिल भीर, खोल्सी, खोच आदिबाट कम्तिमा १५ मिटर सेटव्यास हुनुपर्नेछ ।

छ) प्लानिङ (प्लटिङ) मा खोलिएको बाटो मूल बाटोसम्म जोडिएको हुनुपर्नेछ ।

ज) प्लानिङ क्षेत्रमा विजुलीको पोल, ढल व्यवस्थापन हुनुपर्नेछ ।

झ) मापदण्ड अनुसारको प्लानिङ नक्शा पेश गर्नुपर्नेछ ।

ञ) जग्गा प्लटिङ गर्ने व्यक्ति वा हाउजिङ प्रा.लि.को नाउमा पूर्जा हुनुपर्नेछ ।

ट) परम्परागत बाटो प्लटिङले रोक्न पाउने छैन ।

<u>निर्णय नं.२१</u>: व्यास नगरपालिका क्षेत्रभित्र नक्शापास क्षेत्र क, ख र ग निम्न अनूसार तोक्ने निर्णय गरियो ।

i) क्षेत्र क: व्यास न.पा. वडा नं.१, २, ३, ४, ५ नं. वडाको चापाघाट, पाटन, कण्टार, सिन्धु मार्गको दायाँबायाँका घडेरीहरु (बाह्रबिसेसम्मका), वडा नं.१० को डिहीगाउँ, सेवर, दुम्सीचौरसम्म, तालघरे पोखेलफाँट मार्गका दायाँबायाँका घडेरीहरु, वडा नं.११ को फराकचौर घाँसीकुवा मार्गको दायाँबायाँका घडेरीहरु, पृथ्वी राजमार्गमा पर्ने घडेरीहरु, वडा नं.१३ को वेलबास क्षेत्रका घडेरीहरु, वडा नं.११ को तालघरे रानीगाउँ, दरैपधेरा हुँदै सेरासम्मका बाटोको दायाँबायाँका घडेरीहरु र रानीगाउँ हुँदै घाँसीकुवा निस्कने तल्ला २० फुटे बाटाका दायाँबायाँका घडेरीहरु

ii) क्षेत्र ख: व्यास न.पा. वडा नं.७ कलेस्ती गजौडे बाटोमा पर्ने सम्पूर्ण घडेरीहरु, केशवटार जाने बाटोको दायाँबायाँका घडेरीहरु, व्यास मार्गबाट मादी नदी झर्ने बाटोमा पर्ने घडेरीहरु साथै व्यास मार्गबाट उत्तरतर्फ खुलेका बाटोमा पर्ने घडेरीहरु, वडा नं.६ को शिशाघाट बजार क्षेत्र, व्यास ५ को पराशर मार्गबाट मानुङकोट जाने सौराहसम्मको बाटाको घडेरीहरु, व्यास १२ को छाब्दी मन्दिरसम्म जाने छाब्दी मार्गका घडेरीहरु ।

iii) क्षेत्र ग: क्षेत्र क र ख बाहेकका सम्पूर्ण व्यास न.पा. भित्रका घडेरीहरु